फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

प.सं. :- ०७५/०७६
च.नं. :- ६३४

मिति : २०७५।९।३०

**विषय : वडा शिक्षा समिति गठन सम्बन्धमा ।**

श्री यस नगरपालिका स्थित सम्पूर्ण वडा कार्यालयहरु ।

प्रस्तुत विषयमा नगर कार्यपालिकाको मिति २०७५ पौष ८ गतेको निर्णयानुसार यस नगरपालिकाको शिक्षा नियमावली २०७५ को नियम १०६ वमोजिम निम्नानुसारको वडा शिक्षा समिति माघ १५ भित्र गठन गरी सोको जानकारी यस कार्यालयमा गराउनुहुन अनुरोध छ ।

निम्न :

**वडा शिक्षा समितिको गठन ,काम, कर्तव्य र अधिकार :** (१) नगरपालिकाको प्रत्येक वडामा देहायका सदस्य भएको एक वडा शिक्षा समिति रहनेछ :

(क) वडा समितिको अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य

(ग) वडा भित्रको उच्चतम कक्षा सञ्चालन भएको विद्यालयको प्रधानाध्यपक एक जना - सदस्य

(घ) विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये वडा समितिले तोकेको एक जना - सदस्य

(ङ) नगर स्तरीय शिक्षक महासंघको प्रतिनिधि एकजना - सदस्य

(च) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना - सदस्य सचिव

(२) वडा शिक्षा समितिले आफ्नो वडा भित्रका विद्यालयहरुमा सबै बालबालिकाहरुको गुणस्तरीय शिक्षासम्मको समतामूलक पहुँच सुनिश्चित गर्ने,

(३) वडा शिक्षा योजना निर्माण गरी शिक्षा शाखा मार्फत नगर कार्यपालिकामा पेश गर्ने,

(४) निशुल्क र अनिवार्य आधारभूत शिक्षाको लागि विद्यालयलाई तथ्यांक संकलन गर्न लगाई विद्यालयलाई जिम्मेवार वनाउने,

(५) विद्यालयमा नगर कार्यपालिकाले तय गरेका कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्र.अ. तथा शिक्षकहरुलाई सहजिकरण गर्ने,

(६) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने,

(७) समितिको वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।